# गैरआवासीय नेपाली संघ,

# राष्ट्रिय समन्वय परिषद्, कतार

# २०२३ - २०२५ कार्यकालको दोश्रो परिषद (बार्षिक) भेलामा

# प्रस्तुत प्रगति प्रतिबेदन

प्रस्तुतकर्ताः
रबिन मगर
महासचिव
मितिः २६ जुलाई २०२४, शुक्रबार

गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको २०२३ -२०२५ कार्यकालको दोस्रो परिषद भेलाको अध्यक्षता गरिरहनुभएका एनसीसी कतारका अध्यक्ष रमेश भट्ट ज्यू,
प्रमुख अतिथी नेपाली राजदूताबास दोहा कतारका का. बा. राजदूत कुमार राई ज्यू,
बिशेष अतिथी ज्यूहरु, अतिथी ज्यूहरु, पत्रकार मित्रहरु, राष्ट्रिय समन्वय परिषद्, कतारका पञ्जिकृत सदस्य ज्यूहरु, कतारमा रहनु हुने सम्पुर्ण श्रमजिबी नेपाली दिदि-बहिनी तथा दाजु-भाईहरु लगायत भर्चुअल माध्यमबाट जुम मार्फत तथा प्रत्यक्ष प्रसारणका माध्यमबाट जोडिनु तथा हेरिरहनु भएका संसार भरीका सम्पुर्ण नेपालीहरुमा राष्ट्रिय समन्वय परिषद्, कतारको तर्फबाट हार्दिक नमस्कार अभिवादन ।

आदरणिय पञ्जिकृत सदस्य ज्यूहरु,

वाध्यता तथा राम्रो अवसरको खोजीमा बैदेशिक रोजगारीमा जाने क्रम धेरै अगाडिबाट शुरु भएको हामी सबैमा बिदितै छ । बैदेशिक रोजगारीको लाीग श्रमिकको रुपमा अधिकांस नेपाली रहेको मध्यपुर्व र त्यसमा पनि प्रमुख गन्तव्य कतार रहेको छ । जहा ठुलो संख्यामा श्रमजिबी नेपालीहरु रहेका छौ । प्रवासमा रहेका नेपालीहरुलाई एकताबद्ध गर्दै उनिहरुले आर्जन गरेको सिप तथा पुंजिलाई आफ्नै देशमा लगानी गर्न र मातृभुमीको बिकास, उन्नती र समृद्धिका लागि पवित्र मनले गैरआवासीय नेपाली संघको सन् २००३ मा स्थापना भएको हो । बिश्वकै दोश्रो राष्ट्रिय समन्वय परिषद्को रुपमा कतारमा १२ डिसेम्बर २००३ मा संस्थाको स्थापना गर्नुहुने र यस अभियानमा सक्रिय रुपमा अनवरत लाग्नु हुने गैरआवासीय नेपाली संघका सम्पुर्ण अग्रजहरुमा राष्ट्रिय समन्वय परिषद्, कतारको कार्यसमिति हार्दिक आभार सहित सम्मान ब्यक्त गर्दछौं । हालै कतारका महामहिम अमिरको नेपाल भ्रमण सम्पन्न भएको छ जसमा नेपालका सम्माननीय राष्ट्रपती कार्यालयको अनुरोधमा एनसीसी कतारले अमिरको स्वागतको लागि स्वागतद्धार निर्माण गरेकोछ जसले पनि यो संस्थाको महत्व र गरिमालाई थप उचाईमा पुऱ्याएको छ ।

तर पनि पछिल्लो समयमा यस पवित्र अभियानमा देखा परेका घटनाक्रमले यो अभियानमा अन्योलता र निराशा पैदा गरेको छ । हरेक अन्धकार रात पछि सुनौलो विहानी आए जस्तै आशा गरौ छिट्टै यो अभियान पनि सुखद रुपमा अगाडि बढनेछ । अन्तराष्ट्रिय समन्वय परिषदको दशौं महादिवेशन बाट असन्तुष्ट भएर विनोद कुवँर नेतृत्वमा विभिन्न देश सगै कतारमा पनि बनेको समिति सँग एकता गर्न एनसीसी कतारको दशौ महाधिवेशनहल बाट पारित संकल्प प्रस्ताव अनुसार औपचारीक  कोसीस गर्दा पनि सकारात्मक निचोडमा पुग्न सकिएको छैन् । यही विचमा सम्मानीत सर्वेच्च अदालत बाट आईसीसीका सम्बन्धमा आएको फैसला सँगै थप अन्योलता आएको बारे सबै जानकार हुनुहुन्छ । यद्यपी

एनसीसी कतार कुनैपनी बाह्य बहानामा समाज विवादीत नभै एकतावद्ध भएर अगाडी जानुपर्छ भन्ने कुरामा प्रतीवद्ध रहेकोछ र हामी सबै सँग यही आह्ववान गर्दछौ ।

राष्ट्रिय समन्वय परिषद्, कतारको स्थापना पछिको २१ बर्षको अबधिमा धेरै आरोह अबरोहहरु पार गर्दै आज यहाँ सम्म आईपुग्दा अग्रजहरुको मार्गदर्शन, सल्लाह सुझावका आधारमा श्रमजिबी नेपालीहरुको हित र संरक्षणमा सदैव अग्रपंक्तिमा उभिन हाम्रो निरन्तर कोशिस जारी छ र रहिरहने छ ।

२९ जुलाई २०२३ मा २०२३-२०२५ कार्यकालका लागि श्री रमेश भट्ट को नेतृत्वमा निर्वाचित कार्यसमितिले २९ जुलाई २०२३ मा सपथ ग्रहण गरेपछि दशौं महाधिबेशनले प्रदान गरेको म्याण्डेट, नेतृत्व छनौटका क्रममा ब्यक्त गरिएको प्रतिबद्धताहरु कार्यन्वयनका साथै कतारमा स्थापित संघ संस्थाहरुको सल्लाह सुझाब एवम् समन्वयकारी भुमिकाको नेतृत्व प्रदान गर्दै हाल सम्म कार्यसमितिले गरेका कामहरु सारांशमा यहाहरु समक्ष प्रस्तुत गर्न चाहान्छु ।

यस दोस्रो परिषद भेलासम्म भएको बैठक, कार्यक्रम तथा गतिबिधिहरुलाई यस प्रगति प्रतिवेदनका संलग्न गरेको छु ।

**कार्यसुचीहरु**

१) कार्यसमिति

२) बैठकहरु

क) कार्यसमितिको वैठक ५

ख) सचिवालय वैठक १६

ग) बिशेष वैठक ३

३) कार्यक्रमहरु

४) संयुक्त कार्यक्रमहरु

५) भेटघाट, स्वागत, सम्मान, अन्तरक्रिया र बिदाई कार्यक्रमहरु

६) सहयोग राहत तथा कल्याणकारी कार्यहरु

७) श्रद्धाञ्जली कार्यक्रमहरु

८) बिबिध

## १) कार्यसमिति

गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको सन् २०२३-२०२५ कार्यकालको निर्वाचित र मनोनित कार्यसमिति निम्नानुसार रहेको छ ।

१. अध्यक्ष : रमेश भट्ट

२. प्रथम उपाध्यक्ष : कृष्ण पन्थी

३. द्धितिय उपाध्यक्ष : केशव कार्की

४. तृतिय उपाध्यक्ष : सन्दिप कुमार भट्टराई

५. महिला उपाध्यक्ष : नानु घले ब्लोन

६. युवा उपाध्यक्ष : सुवास बहादुर थापा

७. महासचिव : रबिन मगर

८. सचिव : ओम बहादुर क्षत्री (सन्तोष)

९. सचिव : रोशन अर्याल

१०. सचिव : सुरज शर्मा अधिकारी

११. कोषाध्यक्ष : बुद्ध पाण्डे

१२. सह-कोषाध्यक्ष : झविन्द्र आचार्य

१३. प्रवक्ता : सन्तोष कुवँर

१४. महिला संयोजक : शुष्मा खतिवडा कटुवाल

१५. युवा संयोजक : मेहेर सिंह तामाङ

१६. सचिवालय सदस्य : सन्तोष पौडेल

१७. सचिवालय सदस्य : रमेश केसी

१८. कार्यसमिति सदस्य : परमानन्द भट्ट

१९. कार्यसमिति सदस्य : झविन्द्र बेल्वासे (विवस)

२०. कार्यसमिति सदस्य : विष्णु सापकोटा

२१. कार्यसमिति सदस्य : विनोद राना मगर

२२. कार्यसमिति सदस्य : सुमन कुमार लो

२३. कार्यसमिति सदस्य : दुर्गा बहादुर विक

२४. कार्यसमिति सदस्य : तिलक बहादुर बस्नेत

२५. कार्यसमिति सदस्य : टंक बहादुर विक

२६. कार्यसमिति सदस्य : श्याम प्रसाद पौडेल

२७. कार्यसमिति सदस्य : इनुस मोमिन

२८. कार्यसमिति सदस्य : इसिलाल पण्डित

२९. कार्यसमिति सदस्य : प्रेम कुमार बस्नेत

३०. कार्यसमिति सदस्य : मो. आजाद मंसुर

३१. कार्यसमिति सदस्य : मो. कौसर रब्बानी

३२. कार्यसमिति सदस्य : राजेन्द्र काफ्ले

३३. कार्यसमिति सदस्य : सुदिप पाठक

३४. कार्यसमिति सदस्य : नन्दलाल विश्वकर्मा (अजय)

३५. कार्यसमिति सदस्य : विवेक पुलामी मगर

३६.कार्यसमिति सदस्य : सुनिल परियार

३७. कार्यसमिति सदस्य : शेख दबिर

३८. कार्यसमिति सदस्य : सम्सी आलम

३९. कार्यसमिति सदस्य : लिला राई

४०. कार्यसमिति सदस्य : विरेन्द्र यादव

४१. कार्यसमिति सदस्य : राम हृदय शाह

**लेखासमिति**

१. लेखा समिति संयोजक : कविन्द्र कडेल

२. सदस्य : विकाश लामा

३. सदस्य : गिरिराज दवाडी

## २) बैठकहरु

### क) कार्यसमिति‌को वैठक

**प्रथम कार्यसमिति बैठक:**
मिति ४ अगस्ट २०२३ शुक्रबारका दिन गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारका अध्यक्ष श्री रमेश भट्ट ज्यूको अध्यक्षतामा बसेको पहिलो कार्यसमिति बैठकले गरेका निर्णयहरु ।

**१.** गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको विधान २००३ को एघारौ संसोधनको दफा १६ को १६.२ मा व्यवस्था अनुसार कार्यसमिति सदस्यमा निम्न व्यक्तिहरुलाई मनोनयन गर्ने निर्णय गरियो ।
१. श्री नन्दलाल विश्वकर्मा (अजय)
२. श्री सुनिल परियार
३. श्री शेख दबिर
४. श्री सम्सी आलम
५. श्री विवेक पुलामी मगर
६. श्री लिला राई
७. श्री विरेन्द्र यादव
८. श्री राम हृदय शाह

**२.** गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको विधान २००३ को एघारौ संसोधनको दफा १६ को १६.२ मा भएको व्यवस्था अनुसार संघको प्रवक्तामा कार्यसमिति सदस्य श्री सन्तोष कुँवरलाई मनोनयन गर्ने निर्णय गरियो ।

**३.** गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको विधान २००३को एघारौ संसोधनको दफा १९ को १९.१ मा भएको व्यवस्था अनुसार संघको सचिवालय सदस्यमा तपशिल बमोजिम कार्यसमिति सदस्यहरुलाई मनोनयन गर्ने निर्णय गरियो ।
१. श्री सन्तोष पौडेल
२. श्री रमेश केसी

**४.** प्रदेशमा क्रियाशील रहेका विभिन्न संघ संस्थाहरु संग समन्वय गर्नको लागि तपशिल बमोजिमका कार्यसमिति सदस्यहरुलाई संयोजकको जिम्मेवारी दिने निर्णय गरियो ।
१. कोशी प्रदेश : प्रेम कुमार बस्नेत
२. मधेश प्रदेश : मो.आजाद मंसुर
३. बाग्मती प्रदेश : सुदीप पाठक

४. गण्डकी प्रदेश : नन्दलाल विश्वकर्मा (अजय)
५. लुम्बीनी प्रदेश : झविन्द्र बेल्बासे (विवस)
६. कर्णाली प्रदेश : दुर्गा वि.क.
७. सुदुर पश्चिम : परमानन्द भट्ट

**५.** गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको विधान २००३ को एघारौ संसोधन परिच्छेद ६ को दफा १८ को १८.२ मा व्यवस्था भए अनुशार निम्न अनुशारको विभिन्न विभाग गठन गरि तपशिल बमोजिम संयोजकको जिम्मेवारी दिने निर्णय गरियो ।

१. सुरक्षित आप्रवासन तथा श्रमिक कल्याण विभाग :
संयोजक : कृष्ण पन्थी, प्रथम उपाध्यक्ष
२. संघ संस्था समन्वय विभाग :
संयोजक : केशव कार्की , द्धितिय उपाध्यक्ष
३. श्रमिक सचेतना परामर्श विभाग :
संयोजक : संन्दिप कुमार भट्टराई, तृतिय उपाध्यक्ष
४. सिप तथा क्षमता अभिवृद्धि विभाग :
संयोजक : नानु घले ब्लोन, महिला उपाध्यक्ष
५. सुरक्षा एवं स्वयमसेवक
संयोजक : सुवास बहादुर थापा, युवा उपाध्यक्ष
६. साहित्य तथा प्रकाशन विभाग :
संयोजक : ओम बहादुर क्षत्री (सन्तोष), सचिव

७. पर्यटन प्रवद्धन विभाग :
संयोजक : रोशन अर्याल, सचिव
८. आर्थिक विभाग :
संयोजक : बुद्ध पाण्डे, कोषाध्यक्ष
९. सुचना तथा सञ्चार विभाग :
संयोजक : सन्तोष कुवँर, प्रवक्ता
१०. युवा विभाग :
संयोजक : मेहेद सिंह तामाङ, युवा संयोजक
११. महिला विभाग :
संयोजक : शुष्मा खतिवडा कटुवाल, महिला संयोजक
१२. अतिथि सत्कार तथा व्यवस्थापन विभाग :
संयोजक : सन्तोष पौडेल, सचिवालय सदस्य
१३. खेलकुद तथा अतिरिक्त क्रियाकलाप विभाग :
संयोजक : रमेश केसी, सचिवालय सदस्य

१४. सामुहिक लगानी विभाग :
संयोजक : श्याम प्रसाद पौडेल, कार्यसमिति सदस्य
१५. कला तथा संस्कृतिक विभाग :
संयोजक : विवेक पुलामी, कार्यसमिति सदस्य

६. एनसीसी कतारले नेपाली राजदुतावासमा श्रमीक डेस्क सञ्चालन गर्ने र त्यसको लागि दुतावास सँग समन्वय गरेर आवश्यक निर्णय लिने जिम्मा सचिवालयलाई दिने निर्णय गरियो ।

७. महाधिवेशनको हलबाट पारित भएको संकल्प प्रस्तावको मर्म अनुशार एनआरएन आईसीसीको १० औं महाधिवेशन बाट अलग भएर गठन गरिएको एनसीसी संग वार्ता गर्न संस्थाका प्रथम उपाध्यक्ष कृष्ण पन्थीको संयोजकत्वमा द्धितिय उपाध्यक्ष केशव कार्की र तृतिय उपाध्यक्ष संदिप कुमार भट्टराई रहेको वार्ता समिति गठन गर्ने निर्णय गरियो ।

८. दशौं राष्ट्रिय महाधिवेशनमा कोषाध्यक्षले तयार गरि लेखा समितिले अनुमोदन गरेको आर्थिक प्रतिवेदनमा पञ्जिकृत सदस्यहरुले आर्थिक अनियमितताको गम्भिर प्रश्न उठाएकोले हलबाट गठन भएको आईसीसी सह-कोषाध्यक्ष होमनाथ शर्माको संयोजकत्वमा एनसिसि कतारको लेखा समिति र कोषाध्यक्ष सम्मिलित छानबिन समितिलाई प्रतिवेदन बुझाउन १५ दिन समय दिने र छानबिनको लागि आवश्यक सहयोग एनसिसि कतारले गर्ने निर्णय गरियो ।

९. कतारको दोहामा आगामी २ अप्टोबर २०२३ देखी २८ मार्च २०२४ सम्म चल्ने Doha Expo-2023 मा गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारले पनि संस्थागत सहभागीता जनाउन पहल गर्ने र सो कार्यको जिम्मा अध्यक्षलाई दिने निर्णय गरियो ।

**पहिलो सचिवालय बैठक:**
मिति १८ अगस्ट २०२३ शुक्रबारका दिन गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतार (२०२३-०२५) कार्यकालको संघका अध्यक्ष श्री रमेश भट्ट ज्यूको अध्यक्षतामा बसेको पहिलो सचिवालय बैठकले गरेका निर्णयहरु ।

**बैठकका निर्णयहरु :**
**निर्णय १,** पहिलो कार्यसमिति बैठकको निर्णय अनुसार कार्यसमिति सदस्यमा मनोनित निम्न सदस्य ज्यूहरुलाई सपथ ग्रहण गराई, कार्यसमितिको आचारसंहितामा हस्ताक्षर गराएर बधाई तथा शुभकामना ज्ञापन गर्ने निर्णय गरियो ।
१. नन्दलाल विश्वकर्मा (अजय)
२. सुनिल परियार
३. शेख दबिर
४. सम्सी आलम
५. विवेक पुलामी मगर
६. लिला राई

७. विरेन्द्र यादव
८. राम हृदय शाह

**निर्णयः २,** गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको बार्षिक कार्ययोजना तयार गर्नको लागि संस्थाका द्धितिय उपाध्यक्ष एवं संघ-संस्था संयोजक केशव कार्कीको संयोजकत्वमा निम्न अनुसारको समिति चयन गरियो ।

१. महिला उपाध्यक्ष : नानु घले ब्लोन
२. महासचिव : रविन मगर
३. सचिव : रोशन अर्याल
४. प्रवक्ता : सन्तोष कुवँर

**निर्णयः ३,** श्रमिक कल्याणकारी कोष सञ्चालनको लागि नियमावली तयार गर्नको लागी संस्थाका प्रथम उपाध्यक्ष एवंम सुरक्षित आप्रवासन तथा श्रमिक कल्याण विभागका संयोजक कृष्ण पन्थीको संयोजकत्वमा निम्न अनुशारको समिति गठन गर्ने निर्णय गरियो ।

१. तृतिय उपाध्यक्ष : संदिप कुमार भट्टराई
२. सचिव : सुरज शर्मा अधिकारी
३. सह-कोषाध्यक्ष : झविन्द्र आचार्य
४. सचिवालय सदस्य : सन्तोष पौडेल

**निर्णयः ४,** कार्यसमिति बैठकको निर्णय बैठकको निर्णय अनुशार संस्थाको खाता सञ्चालन गर्न तत्काल प्राविधिक रुपमा सम्भव नभएकोले संस्थाको बैंक खाता नेपालमा रहेको ग्लोबल आईएमई बैकमा संस्थाका अध्यक्ष, महासचिव र कोषाध्यक्षको संयुक्त नाममा खाता खोली पुरानो कार्यसमिति बाट प्राप्त रकम मध्यबाट १ लाख ५० हजार कतारी रियल मुद्धती खातामा सेप्टेम्बेर १ तारिख भित्र जम्मा गर्ने र बाकि रकम संस्थाको चलन चल्तीको खातामा राख्ने निर्णय गरियो ।

**निर्णयः ५,** दशौँ राष्ट्रिय महाधिवेशनमा कोषाध्यक्षले तयार गरि प्रस्तुत गरेको आर्थिक प्रतिवेदनमा पञ्जिकृत सदस्यहरुले आर्थिक अनियमितताको गम्भिर प्रश्न उठाएकोले हलबाट आईसीसी सह-कोषाध्यक्ष होमनाथ शर्माको संयोजकत्वमा एनसिसि कतारको लेखा समिति र कोषाध्यक्ष सम्मिलित छानबिन समितिलाई प्रतिवेदन बुझाउन १५ दिन समय दिएकोमा छानबिन समितिले १८ अगष्टमा पत्र पठाई छानबिनको समयाबधि थपको लागि अनुरोध गरेकोमा एक हप्ता समय थप गरि २५ तरिख सम्मको लागि समयाबधि थप गर्ने निर्णय गरियो ।

**दोश्रो सचिवालय बैठकः**

मिति २७ अगष्ट २०२३ आईतबारका दिन गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतार (२०२३-०२५) कार्यकालको संघका अध्यक्ष श्री रमेश भट्ट ज्यूको अध्यक्षतामा बसेको दोस्रो सचिवालय बैठकले गरेका निर्णयहरु ।

**बैठकका निर्णयहरु :**

**निर्णयः १,** छानबिन समितिलाई इमेल गरि यथासिघ्र प्रतिबेदन बुझाउन पुन इमेल गर्ने निर्णय गरियो ।

**निर्णयः २,** अघिल्लो कार्यसमिति बाट सामानहरु एकमुष्ट रुपमा प्राप्त नभएको साथै प्राप्त भएका ल्यापटपहरु फर्म्याट गरिएको, प्रिन्टर चालु अबस्थामा नभएको, कार्यसमितिको माईन्युट बुक प्राप्त नभएकोले छानबिन समिति सँग परामर्श गरि जिन्सि समानहरु प्रयोगमा ल्याउने निर्णय गरियो ।

**तेश्रो सचिवालय बैठकः**

मिति १३ सेप्टेम्बर २०२३ बुधवारका दिन दिन गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतार (२०२३-०२५) कार्यकालको संघका अध्यक्ष श्री रमेश भट्ट ज्यूको अध्यक्षतामा बसेको तेस्रो सचिवालय बैठकले गरेका निर्णयहरु ।

**बैठकका निर्णयहरु :**

**निर्णयः १,** विदेशमा रहेका नेपाली नागरिकहरुलाई मताधिकार प्रदान गर्ने सम्बन्धी अन्तरक्रिया कार्यक्रम प्रमुख निर्वाचन आयुक्त माननिय दिनेश कुमार थपलिया ज्युको प्रमुख आतिथ्यतामा नेपाली राजदुतावस कतारको सभाहलमा १७ सेप्टेम्बर २०२३ मा गर्ने निर्णय गरियो ।

**निर्णयः २,** गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतार र विश्वकर्मा समाज कतारको संयुक्त आयोजनामा बिश्वकर्मा पुजा तथा शुभकामना कार्यक्रम गर्ने निर्णय गरियो ।

**निर्णयः ३,** कतार बाट आइसीसीका विभिन्न पदमा जान इच्छुक व्यक्तित्वहरुले अन्तरक्रिया कार्यक्रम गर्न चाहेमा उम्मेदवारले आफै खर्च ब्योहर्ने गरि कार्यक्रमको संयोजन एनसीसी कतारले गरिदिने निर्णय गरियो ।

**निर्णयः ४,** संविधानसभा अध्यक्ष एवं पुर्व सभामुख माननीय सुवासचन्द्र नेम्वाङ ज्यूको असामयीक निधन भएकोमा दुखः व्यक्त गर्दै स्वर्गीय आत्माको चीर शान्तीको कामना सहित भावपुर्ण श्रद्धाजली अर्पण गर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना प्रकट गर्ने निर्णय गरियो ।

**चौथो सचिवालय बैठकः**

मिति १ अक्टोबर २०२३ का दिन दिन गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतार (२०२३-०२५) कार्यकालको संघका अध्यक्ष श्री रमेश भट्ट ज्यूको अध्यक्षतामा बसेको चौथो सचिवालय बैठकले गरेका निर्णयहरु ।

**बैठकका निर्णयहरु :**

**निर्णयः १,** संघको विभिन्न विभागका संयोजकले प्रस्तुत गरेको विभागीय सह-संयोजक एवं सदस्यमा निम्न अनुशार व्यक्तित्वलाई मनोनीत गर्दै पुर्ण दिन बाकि विभागलाई पनि छिट्टै पुर्णता दिने निर्णय गरियो ।

१. सुरक्षित आप्रवासन तथा श्रमिक कल्याण विभाग :

२. संघ संस्था समन्वय विभाग :
संयोजक : केशव कार्की, द्धितिय उपाध्यक्ष
सह-संयोजक : डिल्लीराम भट्राई
सदस्य : नरेन्द्र फगामी

सदस्य : घनश्याम अर्याल
सदस्य : पदम प्रसाद सिम्खडा
सदस्य : विश्वनाथ भट्टराई
सदस्य: पष्पराज तिम्सीना

३. श्रमिक सचेतना परामर्श विभाग :
संयोजक : संन्दिप कुमार भट्टराई, तृतिय उपाध्यक्ष
सह-संयोजक : विश्व नेपाल
सदस्य : खेम सुवेदी
सदस्य : सन्जिप कटुवाल

४. सिप तथा क्षमता अभिवृद्धि विभाग :
संयोजक : नानु घले ब्लोन, महिला उपाध्यक्ष

५. सुरक्षा एवं स्वयमसेवक
संयोजक : सुवास बहादुर थापा, युवा उपाध्यक्ष

६. साहित्य तथा प्रकाशन विभाग :
संयोजक : ओम बहादुर क्षत्री (सन्तोष), सचिव
सह-संयोजक : मणिराम पौडेल
सदस्य : सिताराम थापा

७. पर्यटन प्रवद्धन विभाग :
संयोजक : रोशन अर्याल, सचिव
सह-संयोजक : अम्बिका पौडेल
सदस्य : श्रीधर आचार्य
सदस्य : निरन नेपाल

८. आर्थिक विभाग :
संयोजक : बुद्ध पाण्डे, कोषाध्यक्ष
सह-संयोजक : सह-कोषाध्यक्ष झपिन्द्र आचार्य

९. सुचना तथा सञ्चार विभाग :
संयोजक : सन्तोष कुवँर, प्रवक्ता
सदस्य : शारदा भुजेल
सदस्य : प्रकाश दर्नाल

१०. युवा विभाग :

संयोजक : मेहेर सिंह तामाङ, युवा संयोजक

११. महिला विभाग :

संयोजक : शुष्मा खतिवडा कट्वाल, महिला संयोजक

सह-संयोजक : मेनुका खतिवडा भण्डारी

सदस्य : ज्योती पन्थी

सदस्य : सावित्रा शर्मा

सदस्य : माया खडका क्षत्री

सदस्य : देवी कुमारी मगर

सदस्य : मुना गुरुङ

सदस्य : लक्ष्मी राई मगर

सदस्य : सिता लक्ष्मी तामाङ (सुमी)

१२. अतिथि सत्कार तथा व्यवस्थापन विभाग :

संयोजक : सन्तोष पौडेल, सचिवालय सदस्य

१३. खेलकुद तथा अतिरिक्त क्रियाकलाप विभाग :

संयोजक : रमेश केसी, सचिवालय सदस्य

सह-संयोजक : विनोद राना मगर

सदस्य : खेमराज खड्का

सदस्य : राकेश राई

सदस्य : विरेन्द्र केसी

१४. सामुहिक लगानी विभाग :

संयोजक : श्याम प्रसाद पौडेल, कार्यसमिति सदस्य

१५. कला तथा संस्कृतिक विभाग :

संयोजक : विवेक पुलामी मगर, कार्यसमिति सदस्य

**निर्णयः २,** गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको १० औं महाधिवेशनको निर्वाच समितिले बुझाएको हरहिसाब लेखासमिति मार्फत लेखापरिक्षण गराई आगामी कार्यसमिति बैठकमा प्रस्तुत गर्ने निर्णय गरियो ।

**निर्णयः ३,** गैरआवासीय नेपाली संघको स्थापना दिवसको अवसरमा अक्टोबर १० तारिख संस्थागत रुपमा शुभकामाना सन्देश दिएर मनाउने निर्णय गरियो ।

**निर्णयः ४,** नेपाली राजदुतावासमा एनआरएनए श्रमीक डेस्क राख्ने बारे कार्यसमितिको निर्णय पश्चात औपचारीक पत्राचार सहित पटक पटक भेटेर जानकारी गराईएकोमा दुतावास बाट श्रमिक हेर्ने प्रमुख आए पछि निर्णय गर्ने जानकारी प्राप्त भएको र श्रमिक हेर्ने प्रमुख आए पछि पुनः निर्णय गरियो ।

**निर्णयः ५,** कतारमा छ महिना सम्म सञ्चालन हुने कतार एक्सपो २०२३ मा गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारले विभिन्न सास्कृतिक कार्यक्रममा सहभागिता जनाउने निर्णय गरियो ।

**निर्णयः ६,** एनआरएनए आईसीसीको ११ औँ महाधिवेशनमा कतार बाटै नेतृत्वको लागि चुनावी मैदानमा अगाडी बढनुभएका अध्यक्ष, उपाध्यक्ष, युवा उपाध्यक्ष, सचिव पदका उम्मेदवारलाई प्रचारप्रसार लगाएतमा सहयोग गर्ने र एनसीसीको कार्यसमिति भित्र बाट कतार बाट उम्मेदवारी परेको बाहेक सोही पदमा उम्मेदवारी दिएका अन्य उम्मेदवारको प्रचारप्रसार नगर्ने निर्णय गरियो ।

**दोश्रो कार्यसमिति बैठकः**

मिति ६ अक्टोबर २०२३ शुक्रबारका दिन गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारका अध्यक्ष श्री रमेश भट्ट ज्यूको अध्यक्षतामा बसेको दोश्रो कार्यसमिति बैठकले गरेका महत्वपुर्ण निर्णयहरु ।

**बैठकका निर्णयहरु :**

**निर्णयः १**. गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतार (२०२३-०२५) कार्यकालको कार्यसमतिको पहिलो बैठक पछि सम्पन्न सचिवालय बैठकले गरेका निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णयः २**. कतारमा स्थापीत संघ संस्थाका कार्यक्रमहरुलाई व्यवस्थित वनाउदै सकेसम्म राष्ट्रिय चाड पर्व संयुक्त रुपमा गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको नेतृत्वमा मनाउने र अन्य महत्वपुर्ण कार्यक्रम एकै मितिमा नपरोस भन्ने उदेश्यले कतारमा स्थापीत सम्पुर्ण संघ संस्थाहरुको सुझावलाई समेटेर दुई बर्षे क्यालेन्डर तयार गर्ने निर्णय गरियो ।

**निर्णयः ३**. दशौँ महाधिवेशनहले पारित गरेको संकल्प प्रस्तावको मर्म अनुशार गैरआवासीय नेपाली संघ (विनोद कुवँर) समुह सँग वार्ता गर्न गठिन वार्ता समितिले २ पटक औपचारीक वार्ता र थुप्रै पटक अनौपचारीक छलफल र द्विपक्षीय पत्राचारको समिक्षा गर्दै एनसीसी र आईसीसीको विधानको मातहत रहेर संस्थालाई एकतावद्ध बनाएर लैजान र पुनः फुटको कुनै सम्भावना नरहने गरि एकता गर्न हदैसम्म प्रयास गर्ने निर्णय गरियो ।

**निर्णयः ४**. गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको हालको बेवसाईट धेरै पुरानो भएर संघका सुचनाहरु नियमित अपडेट गर्न नसकिएकोले हालको कम्पनी सँग पुनः सम्झौता गरि बेवसाईटलाई आवश्यक अपग्रेड गरि यथासक्य छिटो सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णयः ५**. कतारमा रहेका प्रतिभाहरुको पहिचान र सम्मान गर्ने उदेश्यले गायन र नृत्य विधामा गैरआवासीय नेपाली तारा-२०२३ (NRNA IDOL 2023) गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतार र तमु ( गुरुङ) समाज कतारले गर्ने निर्णय भएको छ ।

**निर्णयः** ६. गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारलाई समय सापेक्ष प्रविधिमैत्री बनाउदै संघ सँग सम्बन्धीत साथै नेपाल सरकार र कतार सरकार विभिन्न सुचना, जानकारी आम पार्षद एवंम कतारमा रहेका नेपाली माझ सहज रुपमा पुराउने उदेश्यले एनसीसी कतारको आफनै एप्स र युटुव च्यानल सञ्चालनको लागि आवश्यक जानकारी लिने निर्णय गरियो ।

**निर्णयः** ७ . दशौं राष्ट्रिय महाधिवेशनको लागि गठित निर्वाचन समितिबाट प्राप्त आय व्यय विवरण लेखा परिक्षणको लागि लेखासमितिलाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

**पाँचौ सचिवालय बैठकः**

मिति ८ अक्टोबर २०२३ का दिन गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारका अध्यक्ष श्री रमेश भट्ट ज्यूको अध्यक्षतामा बसेको सचिवालयको पाचौं बैठकले गरेका महत्वपुर्ण निर्णयहरु ।

**बैठकका निर्णयहरु :**

**निर्णयः -१,**

छानबिन समितिका संयोजक होमनाथ शर्मा हाल नेपाल भएको र वहाले प्रतिबेदन तयार छ, समितिका सदस्यबाट जुनसुकै समयमा बुझाउन सकिने छ भनेर इमेल प्राप्त भएकोले प्रतिबेदन लिने नलिने भन्ने बिषयमा संयोजक कतार आइपुग्नु भए पछि मात्र उपयुक्त स्थान तय गरि प्रतिबेदन लिने निर्णय गरियो ।

**छैटौ सचिवालय बैठकः**

मिति २६ अक्टोबर २०२३ का दिन गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारका अध्यक्ष श्री रमेश भट्ट ज्यूको अध्यक्षतामा बसेको सचिवालयको छैंटौ बैठकले गरेका महत्वपुर्ण निर्णयहरु ।

**बैठकका निर्णयहरु :**

**निर्णयः** १, विभिन्न चाडपर्वको अवसरमा गैरअवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको समन्वयमा कतारमा स्थापीत संघ संस्थाको सहभागितामा शुभकामना आदानप्रदान कार्यक्रम विविध सास्कृतीक प्रस्तुती सहित कार्यक्रम स्थल पछाडि तोकीने गरि नोभेम्बर १० तारिख गर्ने र संस्थागत सहभागिता वापत कतारी रियल एक सय लिने निर्णय गरियो ।

**निर्णयः** २, एनसिसि अध्यक्ष ज्युबाट गैरअवासीय नेपाली संघको ११ औं महाधिवेशन पछाडिको समसामहीक परिस्थितिको बारेमा जानकारी गराउनुभयो र आइसीसी निर्वाचन संग सम्बन्धित धेरै कुरा विचराधिन रहेकोले कसैको पक्ष विपक्षमा विभाजित नभएर एनसीसी कतारमा रहेको आफ्नो जिम्मेवारीमा केन्द्रित रहने निर्णय गरियो ।

**पहिलो बिशेष बैठकः**

४ नोभेम्बर २०२३ शनिवारका दिन गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतार का अध्यक्ष श्री रमेश भट्ट ज्यूको अध्यक्षतामा जुम एप मार्फत बसेको पहिलो बिशेष बैठकको महत्वपूर्ण निर्णयहरु ।

**निर्णयहरु :**

**निर्णय : १,**

जाजरकोट केन्द्र विन्दु बनाएर गएको विनाशकारी भुकम्पमा ज्यान गुमाउनेहरुमा श्रद्धाजली र घाइतेको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै तत्तकाल राहतको लागि गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारले ५,००,०००।- (अक्षरुपी पाँच लाख रुपैया मात्र) सहयोग गर्ने साथै कतारमा स्थापित सम्पुर्ण संघ-संस्था सँग ५ नोभेम्बर २०२३ आइतबारका दिन बैठक बसेर यथासक्य छिटो संघका अध्यक्ष रमेश भट्ट ज्युको संयोजकत्वमा आर्थिक सहयोग संकलन गरी नेपाली राजदुतवास सँग सहकार्य गरेर नेपाल सरकारको प्रधानमन्त्री राहत कोषमा एक मुष्ट जम्मा गर्ने निर्णय गरियो ।

**सातौ सचिवालय बैठकः**

मिति २९ नोभेम्बर २०२३ का दिन गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारका अध्यक्ष श्री रमेश भट्ट ज्यूको अध्यक्षतामा बसेको सचिवालयको सातौं बैठकले गरेका महत्वपुर्ण निर्णयहरु ।

**बैठकका निर्णयहरु :**

**निर्णय : १,**

कतार सरकार गृह मन्त्रलायका जनसम्पर्क बिभाग प्रमुख, कतार चयारिटि, कतार सामुदायिक प्रहरी प्रमुख संगको भेटघाट गर्ने निर्णय गरियो ।

**निर्णय : २,**

"नेपाली कला संस्कृतिको सम्मान गरौ, प्रवासमा रहेको प्रतिभाको खोजी गरौ" भन्ने नाराका साथ प्रवासमा लुकेर बसेको कलालाई प्रष्फुटन र उजागर गर्ने उद्देश्यले राष्ट्रिय आविष्कार केन्द्र नेपालको सहयोगार्थ गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतार र तमु (गुरुङ) समाज कतारको सयुक्त आयोजनामा हुन गइरहेको गैरआवासीय नेपाली तारा - २०२३, कतारको चौथौ संस्करण गायन तथा नृत्य प्रतियोगिताको उद्घाटन तथा पहिलो अडिसन कार्यक्रम १ डिसेम्बर २०२३ शुक्रबार, स्थान : फुलबारी रेस्टुरेन्ट, सनैयामा गर्ने निर्णय गरियो ।

**निर्णयः ३,**

नेपाल सरकारका उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्का ज्यू संयुक्त राष्ट्र संघको आयोजनामा घानामा भएको अन्तर्राष्ट्रिय शान्ति स्थापना सम्बन्धी संयुक्त राष्ट्रसंघीय सम्मेलनमा भाग लिएर नेपाल फर्कने क्रममा कतार भ्रमणमा रहनुभएको अवसरमा गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारद्वारा माननीय उपप्रधानमन्त्री ज्यू लगायत भ्रमणदलमा रहनुभएका व्यक्तित्वहरुको सम्मानमा तल उल्लेखित मिति, स्थान र समयमा भेटघाट तथा स्वागत कार्यक्रम गर्ने निर्णय गरियो ।

- नेपाल सरकारका परराष्ट्रमन्त्री एनपी साउद नेपाल सरकारको प्रतिनिधित्व गर्दै दोहामा हुने २१औं दोहा फोरममा सहभागी हुन कतार भ्रमणमा रहनुभएको अवसरमा भेटघाट तथा अन्तरक्रिया कार्यक्रम गर्ने निर्णय गरियो ।

**निर्णयः ४,**

४ नोभेम्बर २०२३ शनिवारका दिन बसेको पहिलो बिशेष बैठकको निर्णय अनुसार जाजरकोट जिल्लाको रामेडाडा केन्द्रविन्दु बनाएर कार्तिक १७ गते शुक्रबारको मध्यराती गएको ६.४ रेक्टर स्केलको भुकम्पले विशेष गरि जाजरकोट र रुकुम पश्चिममा ठुलो मात्रामा मानविय एवं भौतिक क्षती पुऱ्याएकोले गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारका अध्यक्ष रमेश भट्ट ज्यूको संयोजकत्वमा गठीत राहत संकलन समितिको निर्णय अनुशार निम्न अनुशार राहत रकम हस्तान्तरण गरी बाकी नेपाल सरकारको प्रधानमन्त्री दैवीक प्रकोप उद्धार कोषमा जम्मा गरिएका थियो ।

**क) संकलित रकम बिबरणः**

**जम्मा संकलन भएको रकम : करि ३६,७६९।- नेरु : १३,३८,३९२।-**

गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको तर्फबार **नेरु ५,००,०००।- करि १३,७३६।-**

**विवरण : संस्थागत संकलित कतारी रियल : २३,०३३।- नेरु :८,३८,३९२**

**ख) राहत हस्तान्तरण विवरण विवरणः**

**१. राहत हस्तान्तरण विवरण विवरण : करि १०,८००।- नेरु ३,९३,१२१।-**

| क्र.स | नाम थर | ठेगाना | क्षतीको प्रकृती | रकम | बुझीलिने |
|---|---|---|---|---|---|
| १. | मरिचमान शाही | जाजरकोट | घर पुर्ण क्षती | नेरु ५०,०००।- | मरिचमान शाही |
| २. | पवि कुमारी थापा | जाजरकोट | घर पुर्ण क्षती | नेरु ५०,०००।- | पवि कुमारी थापा |
| ३. | कर्ण बहादुर वली | जाजरकोट | घर पुर्ण क्षती | नेरु ५०,०००।- | कर्म बहादुर वली |
| ४. | लिला बहादुर राना | जाजरकोट | घर पुर्ण क्षती | नेरु २०,०००।- | लिला बहादुर राना |
| ५. | लाल बहादुर बस्नेत | जाजरकोट | घर पुर्ण क्षती | नेरु २०,०००।- | लाल बहादुर बस्नेत |
| ६. | गोविन्द मल्ल | जाजरकोट | घर पुर्ण क्षती | नेरु २०,०००।- | गोविन्द मल्ल |
| ७. | सुनत सिंह | जाजरकोट | घर पुर्ण क्षती | नेरु २०,०००।- | सुनत सिंह |
| ८. | स्व. कर्म खत्री | जाजरकोट | घर पुर्ण क्षती | नेरु ४०,०००।- | मृतकको भाई शेर बहादुर खत्रीलाई हस्तान्तरण |
| ९. | पविकुमारी थापा | जाजरकोट | हवाई टिकट | नेरु २२,५६८ | करि ६२०।- |
| १०. | सुरेश केसी | सल्यान | घर क्षती | नेरु २०,०००।- | कर्णाली प्रदेश सेवा समाज मार्फत |
| ११. | कपिल परियार | जाजरकोट | घर क्षती | नेरु १०,०१२।- | कर्णाली प्रदेश सेवा समाज मार्फत |
| १२ | दिपा नेपाली | रुकुम पश्चिम | घर क्षती | नेरु २०,०८० | कर्णाली प्रदेश सेवा समाज मार्फत |
| १३ | दार्मा गाउँपालीका | सल्यान | गाउपालीकालाई प्रदान | नेरु ३०४६१।- | कर्णाली प्रदेश सेवा समाज मार्फत |

**२. नेपाल सरकारको प्रधानमन्त्री दैवीक प्रकोप उद्धार कोषमा जम्मा गरेको विवरण :**

२. गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारका अध्यक्ष एवं राह संकलन समितिका संयोजक रमेश भट्ट ज्यु मार्फत नेपाल सरकारको प्रधानमन्त्री दैवीक प्रकोप उद्धार कोषमा **रु ८,२७,०५४।-** (अक्षरुपी आठ लाख सत्ताइस लाख चौउन्न रुपैया मात्रै ) **करि २२,७२१।-** (अक्षरुपी बाईस हजार सात सय एक्काई कतारी रियल मात्रै) जम्मा गरिएको छ ।

३. प्रवासी नेपाली समुदाय दोहा कतार बाट संकलित **करि ३,२४८** (अक्षरुपी तिन हजार दुई सय अठचालीस कतरी रियल मात्रै) **रु १,१८,२२७** (अक्षरुपी एक लाख अठार हजार दुई सय सत्ताइस मात्रै ) नेपाल सरकारको प्रधानमन्त्री दैवीक प्रकोप उद्धार कोषमा जम्मा गरिएको ।

नेपाल सरकारको प्रधानमन्त्री दैवीक प्रकोप उद्धार कोषमा जम्मा गरिएको : करि २५,९६९।- नेरु : ९,४५,२७१।-
पिडितलाई हस्तान्तरण : करि १०,८००।- नेरु ३,९३,१२१।-
**जम्मा : करि ३६,७६९।- नेरु : १३,३८,३९२।-**

**आठौं सचिवालय बैठकः**

मिति २५ डिसेम्बर २०२३ सोमबार गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतार (२०२३-०२५) कार्यकालको सचिवालयको आठौं बैठक संघका अध्यक्ष श्री रमेश भट्ट ज्यूको अध्यक्षतामा जुम एप मार्फत भर्चुअल रुपमा निम्न उपस्थिति र कार्यसुची माथी छलफल र निर्णय गरि सम्पन्न गरियो ।

**निर्णयः१,** गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको गत २९ जुलाई २०२३ मा दोहामा सम्पन्न दशौ महाधिबेशन बाट श्री होमनाथ शर्मा ज्युको संयोजकत्वमा गठन भएको छानबिन समितिले आफ्नो छानबिन प्रतिबेदन सार्वजनिक तथा हस्तान्तरण कार्यक्रम ३० डिसेम्बर २०२३ शनिबार, नेपाली राजदुताबास को सभाहलमा गर्ने निर्णय गरियो ।

**निर्णय : २,** हालसम्मको एनसिसि को बिल भर्पाइ के कति छ आगामी कार्य समितिमा प्रस्तुत गरि अनुमोदन गर्ने निर्णय गरियो ।

**नवौं सचिवालय बैठकः**

मिति २५ जनवरी २०२४ का दिन मिति २९ नोभेम्बर २०२३ का दिन गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारका अध्यक्ष श्री रमेश भट्ट ज्यूको अध्यक्षतामा बसेको सचिवालयको नवौं बैठकले गरेका महत्वपुर्ण निर्णयहरु ।

**बैठकका निर्णयहरु :**

**निर्णय : १,** संघको विभिन्न विभागका संयोजकले प्रस्तुत गरेको विभागीय सह-संयोजक एवं सदस्यमा निम्न अनुशार व्यक्तित्वलाई मनोनीत गर्दै पुर्णता दिन बाकि विभागलाई पनि छिटटै पुर्णता दिने निर्णय गरियो ।

**क. सुरक्षित आप्रवासन तथा श्रमिक कल्याण विभाग :**

संयोजक : कृष्ण पन्थी, प्रथम उपाध्यक्ष
सह-संयोजक : रघुनाथ शर्मा
सह-संयोजक : बिकास गैरे
सदस्य : दिप भट्टराइ
सदस्य : नन्दकिशोर पोखरेल
सदस्य : रन बहादुर केसी
सदस्य : रबिन अधिकारी
सदस्य : पुष्पानन्द गुरमिता

ख. कला तथा सांस्कृतिक विभाग :

संयोजक : विवेक पुलामी, कार्यसमिति सदस्य
सह सम्योजकः सुमन कुमार लो, कार्यसमिति सदस्य
सह सम्योजकः  टंक बहादुर बि.क., कार्यसमिति सदस्य
सह सम्योजकः राजन चापागाइ
सदस्यः कमल  सुनुवार
सदस्यः पान्डप थापा मगर
सदस्यः उदय गुरुङ

**निर्णय २:** कतार सरकार गृह मन्त्रलायका जनसम्पर्क बिभाग प्रमुख, कतार चयारिटि, कतार सामुदायिक प्रहरी प्रमुख संग समय उपलब्ध हुने सचिवालय सदस्यहरु सहभागि भई भेटघाट गर्ने निर्णय गरियो ।

**तेश्रो कार्यसमिति बैठकः**

मिति २६ जनवरी २०२४ शुक्रबारका दिन गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतार (२०२३-०२५) कार्यकालको कार्यसमतिको तेस्रो कार्यसमिति बैठक संघका अध्यक्ष श्री रमेश भट्ट ज्यूको अध्यक्षतामा बसेको तेश्रो कार्यसमिति बैठकले गरेका महत्वपुर्ण निर्णयहरु ।

**बैठकका निर्णयहरु :**

**निर्णय : १,**

गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको दोस्रो कार्यसमिति बैठक पछि सम्पन्न सचिवालय बैठकका निर्णयहरु कार्यसमितिमा जनकारी गराई कार्यसमिति बाट अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय :२**

गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको विधानको परिच्छेद -७ को २८.१ मा भएको व्यवस्था अनुसारको संघको २०२३-२०२५ कार्यकालको १७ सदस्य सल्लाहकार समितिमा १६ जना निम्न अनुशार चयन गर्दै बाकि रहेको एक सदस्य आगामि बैठक बाट चयन गर्ने निर्णय गरियो। बिधानत प्रमुख सल्लाहकार पदमा निबर्तमान अध्यक्ष मोहम्मद मुक्तदा मुसलमान लाई मनोनित गर्नुपर्ने भए पनि निज माथी गत कार्यकालको अन्तिम परिषद भेला (महाधिवेशन) मा आर्थिक प्रतिवेदन पारित हुन नसकि बनेको छानबिन समितिले प्रतिबेदन दिई नसकेको, छानबिन समितिले छानबिनको लागि पटक पटक आवश्यक कागजपत्र माग गर्दा उपलब्ध गराउन नचाहेको साथै कतारमा रहेको वैचारीक संस्थाको अध्यक्ष भएकोले राष्ट्रिय समन्वय परिषद कतारको प्रमुख सल्लाहकार पदमा निवर्तमान कार्यसमतिका प्रथम उपाध्यक्ष जैबी राईलाई चयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

१. प्रमुख सल्लाहकार : जैवी चाम्लीङ राई
२. सल्लाहकार : अफसर अलि खान
३. सल्लाहकार : लोकमाया क्षत्री (माया केसी)
४. सल्लाहकार : सेवक घताने
५.सल्लाहकार : धिरज राई
६.सल्लाहकार : मो. शाकिर अलि
७.सल्लाहकार : रमजान अलि मिया
८.सल्लाहकार : बुद्धि प्रसाद भण्डारी
९.सल्लाहकार : शंकर न्यौपाने
१०. सल्लाहकार : प्रभात त्रिपाठी
११. सल्लाहकार : गणेश प्रसाद ढकाल
१२. सल्लाहकार : मो. कलाम हुसेन खान
१३. सल्लाहकार : तेज मोक्तान तामाङ
१४. सल्लाहकार : दुर्गा प्रसाद पाङमी मगर
१५. सल्लाहकार : नियाज शेख
१६. सल्लाहकार : जिबछ यादब

**निर्णय - ३,** संस्थाको कार्यहरुलाई थप सक्रिय बनाउदै श्रमिकका समस्या सम्बोधनमा थप सहजता ल्याउनको लागि राहत तथा उद्धार विभाग गठन गरि त्यसको संयोजकको जिम्मेवारी सचिवालय सदस्य सन्तोष पौडेललाई दिदै पौडेलले संयोजकत्व गरेको अतिथि सत्कार विभागको संयोजकको जिम्मेवारी सचिव सुरज शर्मा अधिकारीलाई दिने निर्णय गरियो ।

**दशौं सचिवालय बैठकः**

मिति ६ फेबूअरी २०२४ का दिन गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारका अध्यक्ष श्री रमेश भट्ट ज्यूको अध्यक्षतामा बसेको सचिवालयको दशौं बैठकले गरेका महत्वपुर्ण निर्णयहरु ।

**बैठकका निर्णयहरु :**

**निर्णय : १,** एनसीसी कतारको सल्लाहकार सदस्यमा पत्रकार महासंघ कतार शाखाका **अध्यक्ष दिल कुमार श्रेष्ठ** लाई मनोनयन गर्ने निर्णय गरियो ।

**निर्णय :२,** गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको संघ संस्था समन्वय बिभागको संयोजनमा नेपाल आदिवासी जनजाति महासंघ कतार र नेपाल मगर संघ शाखा कतारको सयुक्त आयोजनामा १४७ औ प्रथम सहिद क्या लखन थापा मगर स्मृति दिवस कार्यक्रम गर्ने निर्णय गरियो ।

**एघारौ सचिवालय बैठकः**

मिति ८ फेबूअरी २०२४ का दिन गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारका अध्यक्ष श्री रमेश भट्ट ज्यूको अध्यक्षतामा बसेको सचिवालयको एघारौं बैठकले गरेका महत्वपुर्ण निर्णयहरु ।

**बैठकका निर्णयहरु :**

**निर्णय नम्बर -१,** सल्लाहकार सदस्य गणेश ढकालले राजिनामा दिनुभएकोले वहाँको राजिनामा स्विकृत गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर** - २, दशौ महाधिवेशन बाट गठित छानविन समितिबाट छानविन प्रतिवेदन परिषद भेलामा मात्रै प्रस्तुत गर्ने अनुरोध गरेकोले प्रतिवेदनको गोपनीयतालाई मध्यनजर गर्दै प्रतीवेदन अध्ययन गर्न संघका प्रथम उपाध्यक्ष कृष्ण पन्थी ज्युको संयोजकत्वमा द्वितिय उपाध्यक्ष केशव कार्की, महासचिव रविन मगर, सचिव सन्तोष क्षत्री र सुरज शर्मा सदस्य रहेको प्रतिवेदन अध्यन समिति गठन गर्ने निर्णय गरियो ।

**बाह्रौं सचिवालय बैठकः**

मिति ४ मार्च २०२४ का दिन गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारका का.बा. अध्यक्ष श्री कृष्ण पन्थी ज्यूको अध्यक्षतामा बसेको सचिवालयको बाह्रौ बैठकले गरेका महत्वपुर्ण निर्णयहरु ।

**बैठकका निर्णयहरु :**

**निर्णय : १,**

८ मार्च २०२४ मा नेपाली महिला समाज संग मिलेर एनसिसि कतार अन्तर्गतको महिला विभाग र श्रमिक सचेतना तथा परामर्श विभागले ११४औ नारि दिवस शुभकामना तथा सचेतना कार्यक्रम गर्ने निर्णय गरियो ।

**निर्णय : २**
८ मार्च २०२४ मा नेपाली राजदुतावासको मुख्य आयोजना तथा एनसिसि कतार र नेपाल व्यवसायी संघको सहआयोजनामा एक्स्पो कतारमा हुने नेपाल डे कार्यक्रममा सास्कृतिक कार्यक्रम र परेडमामा सहभागी हुने निर्णय गरियो ।

**निर्णय ३,**
इद तथा नेपाली नया बर्षको उपलक्ष्यमा एनसिसि कतारको आयोजनामा खेलकुद बिभाग संयोजकको संयोजकत्वमा बृहत भलिबल प्रतियोगिता गर्ने निर्णय गरियो । यसबारे बाकि निर्णयहरु गर्न युवा उपाध्य्क्ष सुवास थापा र खेलकुद संयोजक रमेश के सि लाई जिम्मेवारी दिने निर्णय गरियो ।

**तेह्रौं सचिवालय बैठकः**
मिति २० मार्च २०२४ का दिन गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारका अध्यक्ष श्री रमेश भट्ट ज्यूको अध्यक्षतामा बसेको सचिवालयको तेह्रौं बैठकले गरेका महत्वपुर्ण निर्णयहरु ।

**बैठकका निर्णयहरु :**
**निर्णय : १,** गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारका नवनियुक्त प्रमुख सल्लाहकार ज्यू र सल्लाहकार सदस्य ज्युहरुसँग आइसीसी सदस्य ज्युहरु तथा एनसीसी सचिवालय पदाधिकारी सँग परिचयात्मक भेटघाट तथा समसामयिक बिषयमा छलफल कार्यक्रम सम्पन्न भयो ।

**निर्णय** : २, श्रदान्जली कार्यक्रम बारेमा।
गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारका सल्लाहकार जिबक्ष यादब ज्यु को नेपालमा असायामिक निधन भएकोले वहाको आत्माको चिर शान्तिको कामना गर्दै श्रदान्जली कार्यक्रम निम्न मिति र स्थानमा गरिने निर्णय गरियो ।

**निर्णय : ३,** गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारको आयोजनामा इस्लाम धर्मावलम्बीहरुको पवित्र चाड ईद उल फित्र को अबसरमा आयोजित शुभकामना आदान प्रदान तथा बृहत इफ्तार कार्यक्रम निम्न मिति र समय र स्थानमा गरिने निर्णय गरियो ।

**निर्णय नम्बर -४,** गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको २९ जुलाई २०२३ मा सम्पन्न दशौं राष्ट्रिय महाधिवेशनमा आर्थिक प्रतिबेदन पारदर्शी नभएको भन्ने परिषद सदस्यहरुबाट प्रश्न उठेपछि गैरआवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषदका तत्कालिन सहकोषाध्यक्ष श्री होमनाथ शर्मा ज्यू को संयोजकत्वमा गठित छानबिन समितिले तयार पारेको छानबिन प्रतिबेदन हस्तान्तरण गरेको र एघारौ सचिवालय बैठकबाट गठित छानविन प्रतिवेदन अध्ययन समितिले पनि आफनै रिपोर्ट प्रदान गरिसकेको ले दुवै प्रतिबेदन कार्यसमितिमा पेश गर्ने निर्णय गरियो ।

**दोश्रो बिशेष बैठक:**

मिति २६/०३/२०२४ का दिन मिति २९ नोभेम्बर २०२३ का दिन गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारका अध्यक्ष श्री रमेश भट्ट ज्यूको अध्यक्षतामा बसेको सचिवालयको दोस्रो बिशेस बैठकले गरेका महत्वपुर्ण निर्णयहरु ।

**निर्णयहरु:**

प्रस्ताव १ माथि छलफल गर्दा खेल सम्पन्न गर्नका लागि उपसमितिहरु तय गरि बिभिन्न विभागीय संयोजक, उपसंयोजक मनोनित गर्ने निर्णय गरियो ।

**चौधौं सचिवालय बैठक:**

मिति २७ अप्रिल २०२४ का दिन का दिन गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारका का.बा. अध्यक्ष श्री कृष्ण पन्थी ज्यूको अध्यक्षतामा बसेको सचिवालयको चौधौ बैठकले गरेका महत्वपुर्ण निर्णयहरु ।

**बैठकका निर्णयहरु :**

**निर्णय : १,** नेपालमा सुरु तेस्रो लगानी सम्मेलनमा बैदेशिक रोजगारीमा संलग्न नेपाली कामदारहरुले पठाउने रेमिट्यान्स बाट नेपालमा जलबिधुत आयोजनाहरुमा लगानीका लागी सम्भाव्यता पहिचान गर्ने र पुँजी निर्माण गर्ने आबश्यक कार्यका लागि नेपाल सरकारको स्वामित्वमा रहेको हाईड्रो इलेक्ट्रिसिटि इनभेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनीसँग बार्ता छलफल तथा समझदारी कायम गर्ने प्रयोजनको लागि यस कार्यसमितिका बर्तमान अध्यक्ष  श्री रमेश भट्ट ज्यू लाई अख्तियारी दिइने निर्णय गरियो।

**पन्ध्रौं सचिवालय बैठक:**

मिति ३ मे २०२४ शुक्रवार गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतार का अध्यक्ष श्री रमेश भट्ट ज्यूको अध्यक्षतामा प्रत्यक्ष र त्यसैको निरन्तरता मे ६ तारिख जुम एप मार्फत भर्चुअल रुपमा सचिवालयको पन्ध्रौ बैठकले गरेका महत्वपुर्ण निर्णयहरु ।

**बैठकका निर्णयहरु :**

**निर्णय : १,** ईद तथा नयाँ बर्षको अवसरमा गैरअवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको खेलकुद विभागले आयोजना गरेको भलिबल प्रतियोगिता भव्य रुपमा सम्पन्न भएको समिक्षा सहित कोषाध्यक्ष द्वारा प्रस्तुत आय व्यय विवरण अनुमोदन गर्ने निर्णय गरियो ।

